नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## सुशासन प्रबर्द्धन शाखा

सिंहदरबार, काठमाण्डौं

पत्रसंख्या : ०७१/०७२
चलानी नं. :

**मिति २०७२।३।२१**

विषयः **वार्षिक प्रतिवेदन पेश गर्नु हुन ।**

**श्री काठमाण्डौ महानगरपालिका कार्यालय,**
**श्री उपमहानगरपालिकाको कार्यालय ११,**
**श्री नगरपालिकाको कार्यालय सबै (१७९),**

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४१ एवं नियमावली, २०६५ को नियम ७ को उपनियम ५ बमोजिम प्रत्येक सरकारी निकायले आ.व. सम्पन्न भएको १५ दिन भित्र आफुले सो आर्थिक वर्षभरी संचालन गरेको काम र त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरु समेत समावेश गरेको वार्षिक प्रतिवेदन तयार गरी तालुक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेकोले तहाँबाट आ.व. २०७१/७२ को निम्न ढाँचामा (१५-२० पेज सम्म) वार्षिक प्रतिवेदन उपलव्ध गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

.........................
(नरहरि शर्मा भण्डारी)
शाखाप्रमुख (उपसचिव)

नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**सुशासन प्रबर्द्धन शाखा**

**सिंहदरबार, काठमाण्डौं**

पत्रसंख्या : ०७१/०७२
चलानी नं. :

**<u>प्रतिवेदनको ढाँचा</u>**

# वार्षिक सुशासन प्रतिवेदन
# (Annual Governance Status Report)
## परिच्छेद एक
## नगरपालिकाको सेवाप्रवाह अवस्था

i. दिर्घकालिन सोच (Vision)
ii. लक्ष्य (Mission)
iii. उद्देश्य (Objective)
iv. नीति तथा रणनीतिहरु
v. कार्यनीतिहरु
vi. अनुभव गरिएका प्रमुख समस्या र चुनौतीहरु
vii. समाधानका लागि चाल्नु पर्ने कदमहरु
viii. संगठन संरचना (क्रमशः)

**१. पृष्ठभुमी :**
*नगरपालिकाको पृष्ठभुमी लेख्ने जस्तै क्षेत्रफल, जनसंख्या ? यसमा महिला, पुरुष, बालवालिका, विपन्न, ? शैक्षिक अवस्था कस्तो छ ?वडा तथा नगरपालिका कति रहेका छन् ? प्रमुख पर्यटकिय क्षेत्र के के छन् ? **(वढिमा आधा पेज लेख्ने)***

**२. नगरपालिकामा सेवा प्रवाहको अवस्था :**
*नगरपालिकामा विषयगत कार्यालयले चालु वर्ष भरि प्रवाह गरेका सेवाको अवस्था कस्तो रह्यो ? नगरपालिकाबाट भएका महत्वपूर्ण उपलब्धीमूलक कार्यहरु के के हुन र उपलब्धीहरु के के हुन ? वर्षका प्रमुख घटनाहरु जस्तै भूकम्प, बाढी पहिरो, महामारी, (कुनैपनि किसिमको विपदबाट हुने क्षति) सेवा प्रवाहमा देखिएको प्रमुख चुनौतिहरु, सकारात्मक प्रयास र विपद पछिको राहत वितरणको अवस्था, तथा सुधार गर्नु पर्ने पक्षको तथ्यांक सहित विश्लेषणगर्ने । LGCDP Emergency Relief Fund (प्रवाह भएका स्थानीय निकायहरुमा) कसरी प्रयोग भैरहेको छ भन्ने बारेमा पनि लेख्ने । **(वढिमा आधा पेज लेख्ने)***

**३. स्थानीय निकायमा सेवा प्रवाहको अवस्था :**
*यसमा नगरपालिकाको सुशासनको अवस्था लेख्ने जसमा नगरपालिका सहित कुल बजेटको (नगरविकास योजनाको आधारमा) अवस्था विश्लेषणगर्ने । दातृ निकाय तथा गैससबाट प्राप्त बजेटको पनि तथ्यांक सहित विश्लेषणगर्ने । वडा सचिवको दरवन्दी र पदपुर्तीको अवस्था के छ ? नगरपालिकामा वडा सचिवको उपस्थिति तथा सेवा प्रवाहको*

पत्रसंख्या : ०७१/०७२
चलानी नं. :

*स्थितिको तथ्यांक सहित विश्लेषणगर्ने । यसैगरी, यस वर्ष नगरपालिकाका कुल परियोजना कति ? त्यसको कार्यान्वयनको अवस्था कस्तो छ ? नगरपालिकाका वडाहरुमा प्राविधिकहरुको अवस्था र परिचालन कस्तो छ ? नक्शा पास र भवन आचार संहिताको पालना, आयोजनाको पूर्व संभाव्यता अध्ययन , लागत अनुमान तयारी, उपभोक्ता समिति अनुशीक्षण, आयोजना अनुगमन लगायत कुन कुन कार्यका लागि एक आयोजनामा सरदर कतिपटक जाने गर्दछन् ? भन्ने बारेमा विश्लेषण गर्ने (**वढिमा आधा पेज लेख्ने**)*

**४. सुशासन स्थापनाका लागि भएका सकारात्मक प्रयासहरु :**

*यसमा विभिन्न निकायहरुले के कसरी सुशासन स्थापनाको लागि प्रयास गरेका छन् ? सरकारी तथा गैरसरकारी निकायहरुको सक्रियता कुन रुपमा अगाडि बढिरहेको छ ? त्यसले के कस्तो प्रभाव पारेको छ ? यसलाई थप प्रभावकारी बनाउनको लागि के कस्ता कामहरु भईरहेका छन् ? भन्ने बारेमा तथ्यमा आधारित सामग्री लेख्ने । स्थानीय निकायको आम्दानी खर्च सार्वजनिकीकरण, सामाजिक सुरक्षा भत्ता वितरण, सेवा प्रदायक संघ संस्था प्रोत्साहन, पुरस्कार, सम्मान प्रसंशा, छानबिन कार्यवाही, असुल उपर, क्षतिपूर्ति, सुशासनको जिल्लाको अवस्था सुधारका लागि सम्बन्धित जिल्लाको जिल्ला प्रशासन, जिल्ला विकास समिति, नगरपालिकाको विशेष कार्यहरु, वर्ष दिन भरिमा कति मातहतका सेवा प्रदायक कार्यालयको अनुगमन गरियो ? नागरिक समाज, गैरसरकारी संघ-संस्थाले कति घटना सार्वजनिक गरे ? कति डेलिकेसन गए ? कति उजुरी गरे ? यसैगरी यदि कुनै कार्यालयले सुशासन स्थापनाको लागि रचनात्मक काम गरेका छन् भने त्यसलाई पनि लेख्ने । (**वढिमा आधा पेज लेख्ने**)*

नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**सुशासन प्रबर्द्धन शाखा**

**सिंहदरबार, काठमाण्डौं**

पत्रसंख्या : ०७१/०७२
चलानी नं. :

# परिच्छेद दुई
# नगरपालिकाको कार्य सम्पादनको अवस्था

**१.नगरपालिकाको कार्यसञ्चालन तथा सम्पादनको अवस्था :**

*यसमा वडा, नगरपालिका, नगरपालिका लगायतका निकायहरुले के कसरी कार्य सम्पादन गरिरहेका छन् ?स्थानीय स्वायत्त शासन ऐन, नियमावलीले गरेका व्यवस्था कत्तिको कार्यान्वियन गरेका छन् ? योजना तर्जुमा, कार्यान्वियन र अनुगमनको अवस्थालाई विश्लेषणगर्ने । वडा तथा जिल्ला स्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति गठन हुने गरेका छन् कि छैनन् ?यस्ता समितिको अनुगमनमा कत्तिको सक्रियता देखिने गरेको छ* ***(वढिमा आधा पेज लेख्ने)***

***सहभागितामूलक योजना तर्जुमा प्रकृया र कार्यान्वियन, अनुगमन तथा मूल्याँकन***

**२.योजना निर्माण प्रक्रियामा जनसहभागिता :**

**(समावेशी सहभागीतामूलक योजना तर्जुमा प्रक्रिया ,बजेट व्यवस्थापन र कार्यान्वियन, अनुगमन र निरीक्षण)**

*यसमा १४ चरण योजना तर्जुमाको कत्तिको पालना भएको छ ? वडा, नगरपालिका, नगरपालिकाले ऐन तथा नियमावलीले तोकेको समयमा परिषद् गर्न सके वा सकेनन् ? वडा नागरिक मञ्चको भूमिका वस्ती स्तरका योजना संकलन, प्राथमिकीकरणमा कस्तो रह्यो ? नागरिक सचेतना केन्द्र, लक्षित वर्गको योजना तर्जुमामा अर्थपूर्ण सहभागिता को अवस्था कस्तो रह्यो ? योजना वस्ति स्तरदेखिनै नागरिकको आवश्यकता र प्राथमिकता अनुसारको योजना कत्तिको आएका छन् भन्ने बारेमा तथ्यांकको आधारमा विश्लेषण गर्ने । गाउँ परिषद्बाट वडा नागरिक मञ्चले सिफारिस गरेका  कति योजना स्विकृत भए ? वडा, नगरपालिका र जिल्ला स्तरीय एकीकृत योजना तर्जुमा समितिले योजना प्राथमिकिकरण गरे वा गरेनन् ? वडा तथा जिल्ला परिषद्ले स्विकृत गरेका कति योजना एकीकृत योजना तर्जुमा समितिले प्राथमिकिरण सहित सिफारिस गरेका थिए ?* ***(वढिमा आधा पेज लेख्ने)***

| वनामले सिफारिस गरेका योजना संख्या | वनामले सिफारिस गरेका मध्ये नगर स्तरीय एकिकृत योजना तर्जुमा समितिले प्राथमिकिकरण गरेका योजना संख्या | एकिकृत योजना तर्जुमा समितिले प्राथमिकिकरणगरेका योजना मध्येबाट नगर परिषद्ले स्विकृत गरेको संख्या |
|---|---|---|
| वडा (संख्या : ...) | | |

**३.वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको सक्रियता :**

*यसमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र कसरी काम गरिरहेका छन् ? ति निकायहरुले कत्तिको सक्रियतापूर्वक आयोजना कार्यान्वियनको तहमा योगदान गरेका छन् ? वडा नागरिक मञ्चहरु सार्वजनिक परिक्षण सञ्चालन गर्ने तथा नागरिक निगरानीको भुमिकामा कत्तिको सक्रिय छन् जस्ता विषयमा  आधारित भएर लेख्ने । (* ***वढिमा आधा पेज लेख्ने )***

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## सुशासन प्रबर्द्धन शाखा

सिंहदरबार, काठमाण्डौं

पत्रसंख्या : ०७१/०७२
चलानी नं. :

**५. उपभोक्ता समितिको अवस्था :**

*यसमा उपभोक्ता समितिहरु कार्यविधि अनुसार गठन भएका छन् कि छैनन् ? समावेशी प्रतिनिधित्वको अवस्था कस्तो छ ? उपभोक्ता समितिहरुको नीति, नियम कार्यविधि पालनाको अवस्था कस्तो छ ? उपभोक्ता समितिलाई नेपालीमा लागत अनुमान उपलब्ध भए नभएको र उ.स.का पदाधिकारीहरुले आयोजना कार्यान्वयन, सन्चालन र मर्मत संभार सम्बन्धी अनुशीक्षण पाएका नपाएका ? उपभोक्ता समितिले आयोजनाको सार्वजनिक परिक्षण गर्ने गरेका छन् कि छैनन् ? एउटा आयोजनाको कतिपटक र कसरी सार्वजनिक परीक्षण गरिन्छ ? उपभोक्ता समिति गठनमा स्थानीय निकाय स्रोत परिचालन व्यवस्थापन कार्यविधि, २०६९ को पालनाको अवस्था कस्तो पाइन्छ ? उपभोक्ता समिति सम्बन्धमा नागरिक निगरानीको अवस्था (जिल्लाका सञ्चार माध्यम, नागरिक समाज, सार्वजनिक सुनुवाईका सवालहरु, कार्यवाहीहरु, असुल, चेतावनी, पुनर्गठनका कुनै यस्ता घटना छन् भने त्यसलाई पनि लेख्ने ।)* ***(वढिमा आधा पेज लेख्ने)***

**६. लक्षित वर्गको वजेट विनियोजन तथा खर्चको अवस्था :**

*कार्यविधि अनुसार नगरपालिकाले लक्षित वर्गलाई गरेको वजेट विनियोजनको अवस्था ? लक्षित वर्गकोलागि विनियोजित वजेटको खर्च अवस्था कस्तो छ ? लक्षित वर्गको वजेट विषेशगरि कस्ता क्षेत्रमा बढि खर्च हुने गरेको पाइन्छ ? प्रवर्द्धनात्मक शीर्षकमा वजेट विनियोजन गर्ने अवस्था कस्तो छ, आदि विषयलाई तथ्यांक सहित विश्लेषणगर्ने ।* ***(वढिमा आधा पेज लेख्ने)***

| *लक्षित वर्गलाई विनियोजन को अवस्था प्रतिशत* | *लक्षित वर्ग वजेटको खर्च प्रतिशत* | *प्रवर्द्धनात्मक शीर्षकमा बजेट विनियोजनको अवस्था* |
|---|---|---|
| *विपन्न महिला आदि* | | |
| *विपन्न, दलित, जनजाति आदिवासी आदि* | | |
| *विपन्न बालवालिका* | | |

**७. नगरपालिका भित्र विभिन्न समिति, उपसमितिहरुको क्रियाशीलताको अवस्था :**

नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**सुशासन प्रवर्द्धन शाखा**

**सिंहदरबार, काठमाण्डौं**

पत्रसंख्या : ०७१/०७२
चलानी नं. :

# परिच्छेद तीन

## न्युनतम शर्त तथा कार्यसम्पादनको मापनमा नगरपालिकाः

*यसमा अघिल्लो वर्ष गरेको न्युनतम शर्त तथा कार्य सम्पादनमा नगरपालिकाको अवस्था कस्तो रह्यो ? शीर्षकगत प्राप्ताङ्क को अवस्था उल्लेख गर्ने । परिणाम अन्तमा उल्लेख गर्ने ।*

**३.१ नगरपालिकाको कार्यसम्पादनको अवस्था :**

*नगरपालिकाको कार्यसम्पादन मूल्यांकनको अवस्था कस्तो रह्यो ? यसैगरी यसमा कार्यसम्पादनका सुचकहरुको कार्यान्वयनको अवस्था कस्तो छ ? जस्तै कार्य क्षेत्र नं. १ योजना तथा बजेट व्यवस्थापन अर्न्तगतका सुचक, कार्य क्षेत्र समूह नं. ४ मा रहेको अनुगमन मूल्यांकन, सञ्चार र पारदर्शिता अर्न्तगतका र समूह नं. ५ का संगठन व्यवस्थापन र कार्य जिम्मेवारी अर्न्तगतका सुचकहरुको कार्यान्वयनको अवस्था के रहेको छ भन्ने बारेमा अध्ययन गरेर लेख्ने । **(वढिमा आधा पेज लेख्ने)***

नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**सुशासन प्रबर्द्धन शाखा**

**सिंहदरबार, काठमाण्डौं**

पत्रसंख्या : ०७१/०७२
चलानी नं. :

# परिच्छेद चार

# स्थानीय शासनमा पारदर्शिता र जवाफदेहिता :

**१. नगरपालिका भित्रका उत्तरदायित्व अनुगमन सम्बन्धमा कार्यगरीरहेका गैसस एवं नागरिक समाजका संस्थाहरु , क्रियाकलापहरु र कार्यक्षेत्र** (नपा, संभव भएसम्म वडा र वस्ती समेत खुल्नेगरी)

**२. नागरिकप्रतिको जवाफदेहिता वृद्धि गर्ने संयन्त्र Tools को कार्यान्वयनको अवस्था :**

**२.१ सार्वजनिक निकायहरुले सञ्चालन गरेका संयन्त्रहरु Tools को कार्यान्वयनको अवस्था**

- **सार्वजनिक सुनुवाई:** *कार्यविधिले तोके अनुसार ३ पटक भएको छ कि छैन ? नगरपालिकाले सार्वजनिक सुनुवाई गरे नगरेको अवस्था ? सार्वजनिक सुनुवाईमा लक्षित वर्गबाट कति प्रश्नहरु सोधिए, कति समाधान भए, गुणस्तर कस्तो छ भन्ने सवाललाई तथ्य तथ्यांकको आधारमा विश्लेषण गर्नुहोस् ।*
- **सार्वजनिक परिक्षण:** *हरेक परियोजनाको अन्त्यमा सार्वजनिक लेखापरिक्षण भयो कि भएन ? सार्वजनिक परीक्षणको अवस्था नगरपालिकामा समग्रमा कस्तो छ ?*
- **सामाजिक परिक्षण:** *कार्यविधि तथा निर्देशिकाले तोके अनुसारको सामाजिक परीक्षण भएको छ कि छैन ?*
- **नगरिक वडापत्र :** *वडा, नगरपालिकामा वडापत्रको अवस्था कस्तो छ ? यदि नयाँ किसिमबाट (जस्तै इलेक्ट्रोनिक नागरिक बडापत्र, ध्वनी सहितको वडापत्र राखेका भए यस्ता उदाहरणलाई पनि समेट्ने ।*
- **अन्य जवाफदेहिता वृद्धि गर्ने संयन्त्रको कार्यान्वयनको अवस्था :** यसमा नागरिक प्रतिवेदन पत्र ( Citizen Report Card ), सामुदायीक अंक पत्र (Community Score Card) र सार्वजनिक खर्चको सोधखोज तथा पालना अनुगमन (Public Expenditure Tracking Survey & Compliance Monitoring) कार्यान्वयन भएको छ भने त्यो पनि राख्ने ।

**२.२ नागरिक समाजका संघसंस्थाहरुले सञ्चालन गरेका अन्य Tools संयन्त्रहरुको अवस्था**

- **CRC:** यसमा नागरिक प्रतिवेदन पत्रको निश्कर्ष राख्ने ।
- **Exit poll :** नगरपालिका, नपा, वडामा गरिएको बहिर्गमन अभिमत पत्र, संकलन र विश्लेषण

**२.३ नगरपालिकामा गुनासा सुनुवाई सम्बन्धी व्यवस्था : सुशासन सम्बन्धी ऐन, नियम र स्थानीय निकाय स्रोत परिचालन व्यवस्थापन कार्यविधी, स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधिहरु २०६७ (परिच्छेद २, २.२ र २.३)**

**२.४ सूचना अधिकारीको व्यवस्था र नगरपालिकाको सञ्चार र पारदर्शि सम्बन्धी अभ्यास : सूचना सम्बन्धी ऐन, नियमावली र स्थानीय निकाय स्रोतपरिचालन, व्यवस्थापन कार्यविधि, २०६९ को परिच्छेद ९ सुशासन सम्बन्धी व्यवस्था ४९ (६)**

**२.५ वित्तीय जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्था : (आम्दानी, खर्च मासिक रुपमा सार्वजनिक गर्ने अवस्था, मलेपको लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरेको, परिषदमा छलफल गराइ आवश्यक सुधारका निर्णय,**

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## सुशासन प्रवर्द्धन शाखा

सिंहदरबार, काठमाण्डौं

पत्रसंख्या : ०७१/०७२
चलानी नं. :

**नगरपालिकाको खाता सञ्चालनको अवस्था, एकीकृत सम्पतिकर कार्यान्वयनको अवस्था, नगरपालिकाको कर, दस्तुर, दण्ड, जरिवाना, लगायत राजश्वका स्रोतहरु र तिनीहरुको आम्दानीको व्यवस्थापन, पारदर्शिता)**

नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**सुशासन प्रवर्द्धन शाखा**

सिंहदरबार, काठमाण्डौं

पत्रसंख्या : ०७१/०७२

चलानी नं. :

# पाँच

# अन्तरसम्बन्ध र समन्वय

**५.१ ठाडो समन्वय (Vertical Coordination) :** *(बढिमा एक पेज लेख्ने)*

यसमा तल्लो निकायको कार्यालयको माथिल्लो निकायको कार्यालयसँग समन्वय कस्तो छ भन्ने बारेमा लेख्ने जस्तै वडाको नगरपालिकासँगको समन्वय । वडा र नगरपालिका बीचको समन्वय, नीति निर्देशनको पालना, अनुगमन ईत्यादि ।

**५.२ तेस्रो समन्वय (Horizontal Coordination):**

यसमा समान हैसियतका कार्यालयहरुको बीचमा समन्वय कस्तो रहेको छ भनेर लेख्ने । उदाहरणको लागि स्थानीय शासन प्रक्रियालाई प्रभावकारी बनाउनको लागि नगरपालिका, नपा र वडाको जिल्ला प्रशासन, जिल्ला प्रशासन, विषयगत कार्यालय जस्तै शिक्षा, स्वास्थ्य, कृषि जस्ता कार्यालयसँग को समन्वय कस्तो छ ?

**५.३ गैरसरकारी संघसंस्था तथा नागरिक समाजसँगको समन्वयः**

यसमा सार्वजनिक निकायहरुको गैरसरकारी संघसंस्था तथा नागरिकसमाजका निकायहरुसँग समन्वय कत्तिको छ ? भन्ने बारेमा लेख्ने

**५.४ सञ्चार माध्यमसँगको समन्वय :**

यसमा सञ्चारमाध्यम र स्थानीय निकाय वा सार्वजनिक निकायहरुको बीचमा कस्तो समन्वय रहेको छ भनेर लेख्ने । यसमा सार्वजनिक सञ्चारमाध्यममा केहि रेडियो कार्यक्रम प्रसारण भएका छन् ? छन् भने कुन् कुन रेडियोमा के के नामका कार्यक्रम संयुक्त रुपमा प्रसारीत छन् ? प्रिन्ट मिडिया सँग कस्तो सम्बन्ध छ ? पत्रकार महासंघसँग कस्तो छ संस्थागत समन्वय छ कि जस्तै पत्रकारिता पुरस्कारमा स्थानीय निकायले लगानी गरेको छ कि ? यस्तो बारेमा लेख्ने ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## सुशासन प्रबर्द्धन शाखा

सिंहदरबार, काठमाण्डौं

पत्रसंख्या : ०७१/०७२
चलानी नं. :

## परिच्छेद छ
## निष्कर्ष तथा सुझाबहरु

*यसमा समग्र अध्ययनको निष्कर्ष राख्नुस् र तपाईलाई लागेको सुझाब राख्नुस् । **(बढीमा आधा पेज लेख्ने)***